भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/११/२८ गते बसेको आ.व.२०८२/०८३**

**नवौं बैठकमा छलफलका ऐजेण्डा/प्रस्तावहरुः**

**प्रस्ताव/एजेण्डाहरुः-**

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको आठौं बैठकको समीक्षा सम्बन्धमा ।

२. भानु २ बडुवा घाट सम्म जाने वैकल्पिक मार्ग निर्माण सम्बन्धमा ।

३. भानु १ को जग्गाको लाभांश कर सम्बन्धमा ।

४. मनोहर मा.वि. विद्यालयलाई लागत साझेदारीको १० प्रतिशत रकम सुनिश्चित गर्ने सम्बन्धमा ।

५. अस्थायी क्रसर जडान गर्न अनुमती दिने सम्बन्धमा ।

६. निजी वन दर्ता सम्बन्धमा ।

७. भानु नगरपालिका वडा नं.१ को जग्गा नं.९५ मा पानीको बोरिङ्ग खन्न सहजिकरण गर्ने सम्बन्धमा।

८. मागमा आधारित कार्यक्रममा लाभग्राही छनौट गर्ने सम्बन्धमा ।

९. नवप्रवर्तन कार्यक्रमको बजेट रकमान्तर सम्बन्धमा ।

१०. ब्याक हो लोडर प्रयोग सम्बन्धमा ।

११. विविध विषय सम्बन्धमा ।

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुंदेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८२ साल फागुन २८ गते बिहिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को नवौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री कृष्णराज धमनीय (का.वा. वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/११/२८ गते बसेको आ.व.२०८२/०८३ नवौं बैठक

प्रस्ताव/एजेण्डाहरु:-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको आठौं बैठकको समीक्षा सम्बन्धमा ।

२. भानु २ बडुवा घाट सम्म जाने वैकल्पिक मार्ग निर्माण सम्बन्धमा ।

३. भानु १ को जग्गाको लाभांश कर सम्बन्धमा ।

४. मनोहर मा.वि. विद्यालयलाई लागत साझेदारीको १० प्रतिशत रकम सुनिश्चित गर्ने सम्बन्धमा ।

५. अस्थायी क्रसर जडान गर्न अनुमती दिने सम्बन्धमा ।

६. निजी वन दर्ता सम्बन्धमा ।

७. भानु नगरपालिका वडा नं.१ को जग्गा नं.९५ मा पानीको बोरिङ्ग खन्न सहजिकरण गर्ने सम्बन्धमा ।

८. मागमा आधारित कार्यक्रममा लाभग्राही छनौट गर्ने सम्बन्धमा ।

९. नवप्रवर्तन कार्यक्रमको बजेट रकमान्तर सम्बन्धमा ।

१०. ब्याक हो लोडर प्रयोग सम्बन्धमा ।

११. विविध विषय सम्बन्धमा ।

निर्णय नं.१ भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को आठौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ भानु २ स्थित बडुवा घाटबाट आ.व.२०८२/८३ का लागि ढुंगा गिटी बालुवा लगायतको नदिजन्य पदार्थ उत्खनन, विक्रि वितरण गर्न नगर पालिका नगरकार्यपालिका र डेजी कन्सट्रक्सन भानु १ बिच भएको गरिएको सम्झौता एवं कार्यालयबाट जारी र कार्यदिश बमोजिम कार्य गर्न गराउनका निमित्त नदिंजन्य पदार्थ ढुवानी गर्ने पहुँच मार्ग मर्स्याङदी नदीको तिर सतीघाटदेखि बुडुवाघाट सम्म वैकल्पिक मार्ग निर्माण गर्ने निर्णय गरियो ।साथै सतिघाट र बुडुवा क्षेत्र धार्मिक संस्कार, अन्त्यष्टी, परम्परा र पुरानो सति प्रथासँग जोडिएको ऐतिहासिक स्थल भएको समाजको धार्मिक विश्वास, संस्कार र इतिहासलाई प्रतिविम्वित गर्ने उद्देश्यले सो क्षेत्र समेत आधुनिक सन्दर्भमा सांस्कृतिक स्मृतीको प्रतिकको रुपमा सम्वर्धन, संरक्षण एवं अन्य सरसफाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ भानु न.पा. वडा नं. १ साविक नक्सा सिट नं. दोरदोर ५/घ को कि.नं.क्रमश ६०७ को ०-९-०-० क्षेत्रफलको जग्मा र ६१६ को ०-४-१-२ क्षेत्रफल जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्धं गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनिती, २०८२ बमोजिम स्वास्थ्य चौकी टाइप 'डी' का लागि दफा (५) उपदफा (२) अनुसारको समितिबाट जम्मा ०-१३-१-२ स्वीकृत भएकोमा नियमानुसार लाग्ने राजश्व (लाभांश कर समेत) दाखिला गरि दाखेल खारेज गर्ने निर्णय गरियो ।



आनन्दराजत्रिपाठी
२०८२।११।२८

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ४ नेपाल सरकार र भारत सरकार बीच सम्पन्न High Impact Commnity Development Projects सम्झौता अनुसार भानु नगरपालिका वडा नं. ८ स्थित मनोहर मा.वि. को भवन निर्माणको लागि स्रोत सुनिश्चितता भएको रकमको १० प्रतिशत भानु नगरपालिकाले सुनिश्चित गर्नुपर्न प्रावधान बमोजिम उक्त रकमको १० प्रतिशत रकम समपूरक कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ५ भानु नगरपालिका वडा नं. १० साविक चोकचिसापानी २ 'क' कि.नं.२१९ को सोही वडा निवासी दिनेश बाबु तिवारी र दिपेश बाबु तिवारीको संयुक्त नाममा दर्ता कायम रहेको जग्गामा निजी वन दर्ताको सिफारिस सहित नापी कार्यालय तनहुँको स्थलगत नापजाँच एवं सब डिभिजन कार्यालय, भानुको प्राविधिक प्रतिवेदन सहितको सिफारिस समेतका आधारमा निजीवन दर्ता सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ बमोजिम दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं.६ भानु नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ मा मागमा आधारित कार्यक्रम अन्तरगत रु. १३,५०,०००।-(अक्षरेपी तेह्र लाख पचास हजार मात्र) विनियोजन भएकोमा नव प्रवर्द्धन कार्यक्रम (परियोजना) संचालन नभएको ९ वटा वडाहरुमा रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र) का दरले बाडफाँड गरिएको र बाँकी रकम नगर प्रमुखको मातहत बाट कृषि कार्य गर्ने भनिएको हुँदा तपशिलका कृषक, कृषि फर्म, कृषक समूह बाट माग भएकोले आवश्यक कागजपत्र पुरा भएका र कृषि कर्मलाई प्राथमिकता साथ कार्य गर्ने कृषकलाई कृषि विकास शाखाको मागमा आधारित कार्यक्रमको कार्यविधि अनुसार देहाय बमोजिम छनौट गर्ने निर्णय गरियो।

| क्र.सं | आवेदन दिएका कृषक / कृषक समूहको /कृषि फर्म नाम | वडा नं. | माग गरिएको सामाग्री | छनौट गरिएको / रिएकोनग | विनियोजन रकम |
|---|---|---|---|---|---|
| १. | एसकृषि तथा पशुपंक्षी .जे.(माया तामाङ .प्रो) फर्म | ८ | बंगुरको खोर नयाँ निर्माण | | |
| २. | रेशम बघिमिरे . | ८ | $१\frac{१}{२}$" मोटर र १०० मिटर ५० mm पाईप | | |
| ३. | विष्णुहरि घिमिरे | ८ | $१\frac{१}{२}$" मोटर र १०० मिटर ५० mm पाईप | | |
| ४. | जयपानी पशुपालन तथा कृषि फर्म विष्णु माया .प्रो) (श्रेष्ठ | ३ | २५ mm को २०० मिटर र २० mm को ५०० मिटर पाईप | | |
| ५. | अर्चले कृषक समूह | १२ | मौरी पालनको लागि मौरी घार | | |
| ६. | मिर्लुङ मझ्किना महिला | १२ | ३ रोपनी जग्गामा अदुवा | | |



आनन्दराजत्रिपाठी
२०८२।११।१२

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फसेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषक समूह | | र बेसार खेती | | |
| ७. | पुनम पशु फर्म राम .प्रो) (शरण गुरुङ | ८ | ३ वटा सिल्पौलिन प्लाष्टिक | | |
| ८. | ए.एस. कृषि तथा पशु फर्म (प्रो. मन्जिला गुरुङ) गोठ | ३ | सुधार गर्ने | | |

<u>निर्णय नं.७</u> भानु नगरपालिकाको आ.व. २०८२/०८३ मा नव प्रवर्द्धन कार्यक्रम (परियोजना) मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, PLGSP अन्तर्गत संचालित IPF परियोजना, कृषिमा रुपान्तरण आर्थिक विकास र सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग परियोजना रु. २ करोड ५ लाख बजेटमा तपशिलका कार्यक्रममा बजेट अपुग देखिएकोले देहायका कार्यक्रमको बजेटबाट रकमान्तर गर्ने निर्णय गरियो।

| बजेट रहेको कार्यक्रमको नाम | विनियोजित रकम | रकमान्तर गर्नुपर्ने कार्यक्रमको नाम | रकमान्तर रकम |
|---|---|---|---|
| उत्पादनमा आधारित अनुदान सहयोग तोरी), साग र निवुवा( | रु. ७,००,०००।- (अक्षरेपी सात लाख मात्र( | निबुवा उत्पादन सामाग्री साझेदारी कार्यक्रम बेर्ना), खाल्डो खन्ने मेसिन, सिँचाई, जुटको बोरा, प्राङ्गारिक मल, वाली संरक्षण सामाग्री आदि) | रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र( |
| प्रशोधन सम्वन्धी तालिम तोरी तेल), गुन्द्रुक, चुक अमिलो) | रु. १,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र( | कृषि उत्पादन प्रशोधन केन्द्र स्थापना र संचालन मार्गदर्शन निर्माण | रु. ८०,०००।- (अक्षरेपी असी हजार मात्र) |

<u>निर्णय नं.८</u> विविध विषय सम्बन्धमाः

क) तनहुँ जिल्ला साविक वरभञ्याङ गा.वि.स.नं:९ को हाल कायमी ऐ.भानु न.पा. व डा नं.६ बस्ने पूर्ण बहादुर खड्का सँगको निषेधाज्ञा (०८२-WO-०००१) मुद्दामा तनहुँ जिल्ला भानु न.पा. का प्रमुख श्री आनन्द राज त्रिपाठी-१, ऐ.न.पा. कार्यालय-१, भानु न.पा.-६ र भानु न.पा.-६ नं. वडा अध्यक्ष श्री धिरेश खनालको तर्फबाट कानूनी व्यवसायीको हैसियतले सम्मानित तनहुँ जिल्ला अदालतमा विभिन्न मितिमा बहश, पैरवी गरे बापत वरिष्ठ अधिवक्ता श्री कमलमोहन वाग्लेलाई रु.३५,०००। (अक्षेरेपी पैतीस हजार) परामर्श सेवा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

आनन्दराज त्रिपाठी
२०८२।११।२८

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

ख) भूमि समस्या समाधान आयोग जिल्ला समिति तनहुँबाट नापजाँच तथा नक्साङ्कन गर्ने प्रयोजनका लागि भानु नगरपालिकामा खटिई आएका प्राविधिक कर्मचारीको खाना तथा आवास खर्च वापत मासिक रु.९,०००।(अक्षेरुपी नौ हजार) रकम सम्बन्धित शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका वडा नं.१२ स्थित अर्चले टोल विकास संस्थामा पशुपंक्षीहरुको बध व्यवस्थित गर्नका लागि सार्वजनिक स्थलमा बध निर्माण गर्न रु १५,०००। (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

घ) भानु नगरपालिका वडा नं. १२ निवासी सेती माया खत्री क्षेत्री र उर्मिला बि.क. को घर खरको छानो भएको र निजहरुको आर्थिक अवस्था कमजोर भएको हुदाँ खरको छानो हटाइ जस्ता लगाउनको लागि प्रति व्यक्ति रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिका वडा नं. ७ निवासी कलुवा मियाले आर्थिक अवस्था निकै कमजोर भई स्वयंले निजि शौचालय निर्माण गर्ने अवस्था नभएको हुदाँ उक्त व्यक्तिलाई शौचालय निर्माणको लागि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिका वडा नं. ९ स्थित अर्चलधारा क्रियापुत्री भवन जाने बाटो निर्माणको लागि भानु नगरपालिकामा रहेको व्याक हो लोडर तेल सहित उपलब्ध गराउने निर्णय गरियो ।

छ) भानु न.पा. वडा नं. ३ निवासी जनजागृती मा.वि. ढुकुर्दीमा अध्ययनरत जेनिशा तामाङ छारे रोगबाट पिडित भएको र निजको बुवा समेत नभएको र घरको आर्थिक अवस्था कमजोर भएको हुदाँ औषधी उपचारको लागि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ज) भानु न.पा. वडा नं.३ निवासी ४८ वर्षीय एकल पुरुष दुर्गा बानियाँको बाँस र टिनको घर सडक स्तर उन्नतीको क्रममा भत्काउन पर्ने भएको र बासस्थानको अन्यत्र व्यवस्था नभएको र निजको आर्थिक अवस्था कमजोर भएको बासस्थानको व्यवस्था मिलाउनको लागि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं. १० निवासी विसरा सार्कीको स्पाइनल कर्ड सम्बन्धी समस्या भई हिडडुल गर्न नसक्ने भएको हुदाँ निजलाई उपचारको लागि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ञ) भानु नगरपालिका वडा नं. १० निवासी चन्द्र माया नेपाली प्यारालाइज भई हिडडुल गर्न नसक्ने भएको हुदाँ निजलाई उपचारको लागि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ट) भानु नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत शसर्त तर्फको स्थानीय उत्पादनको बजारिकरण सहयोग कार्यक्रममा विनियोजन भएको रु. १९,७५,०००।– (अक्षरेपी उन्नाईस लाख पचहत्तर हजार मात्र) बाट बजारिकरण सम्वन्धि अनुशन्धान तथा रणनिति निर्माण (परामर्श खरीद) मा रु.३,००,०००।– (अक्षेरेपी तिन लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो।

२०८२।११।२८

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ठ) भानु नगरपालिकाको ग २ च ५७५१ नम्बरको एम्बुलेन्स मर्मत गर्दा लागेको खर्च रु.१,२१,५७०। (अक्षेरुपी एक लाख एक्काइस हजार सात सय एकाउन्न मात्र) बिल भरपाइको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

ड) भानु नगरपालिका वडा नं.४ निवासी राम बहादुर घर्तीको ज्ञानु घर्तीको मिति २०८२/०९/०८ गते जङ्गली विषयालु घाँस खाइ अचानक ३ वटा बाख्राको मृत्यु भएको हुदाँ निजलाई आर्थिक सहायता स्वरुप रु. १५,०००। (अक्षेरुपी पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ढ) भानु नगरपालिका भित्रका तपसिल बमोजिममा रहेका वडाहरुमा विभिन्न प्रकृतीका रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | वडा नं. | रुखको प्रकृती | कैफियत |
|---|---|---|---|
| १. | १ | भानु १ निवासी सृजना देउजा बानियाँको घरको आडमा रहेको ग्रीन पार्कको बाहिर पट्टी पर्ने जिर्ण अवस्थामा रहेको चौतारीको वरपिपलको रुखका हाँगाविगाँ कटान गर्ने । | |
| २. | ४ | तिलाहार ठूलो पँधेरो दलित बस्तीमा रहेको २ वटा वर र ३ वटा पिपलका हाँगाहरु कटान्न गर्ने | |
| ३. | | सतीघाटदेखि बुडुवा घाँट सम्म पहुँच मार्ग निर्माण गर्दा आवश्यक पर्ने रुखहरु कटान गर्ने । | |

ण) भानु नगरपालिकाले आ.व. २०८२/०८३ का लागि नदीजन्य पदार्थ उत्खनन र विक्रि वितरणका लागि भानु वडा नं. ८ को बेनी घाटको ठेक्का सम्झौता गरेको दक्षिणा कन्स्ट्रक्सन कम्पनीलाई यस नगरपालिकाको थानीथान मन्दिर जाने बाटो निर्माणमा प्रयोग हुने ग्रावेल उत्खनन गर्न जनप्रतिनिधी र सम्बन्धित वडाको प्राविधिकको रोहवरमा IEE ले तोकेको गहिराइ सम्म मात्र उत्खनन गर्ने र BOQ मा भएको परिमाणका आधारमा पूर्वाधार शाखाको प्राविधिक इस्टिमेट बमोजिम घण्टा तोकि व्याक हो लोडर प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

त) भानु नगरपालिका वडा नं.११ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय मयाखुंको खेल मैदान निर्माण गर्नको लागि भानु नगरपालिकाको ब्याक हो लोडर तेल सहित उपलब्ध गराउने निर्णय गरियो ।

थ) भानु नगरपालिका शिक्षा ऐन, २०७७ को दफा ८ उपदफा १ को खण्ड (ङ) बमोजिम सामुदायकि विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट श्री सरस्वती मन्दिर मा.वि. भानु १२ घलेछापका प्र.अ. श्री ज्ञानेन्द्र पण्डित र श्री निर्जला आधारभूत विद्यालय भानु ८ देउरालीटारका प्र.अ. श्री प्रतिमा खनाललाई भानु नगर शिक्षा समिति सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

द) आ.व. २०८२/०८३ मा सामाजिक विकास अन्तरगत स्वीकृत कार्यक्रम जेष्ठ नागरिक सम्मान तथा अन्तरपुस्ता अनुभव आदान प्रदान शीर्षकको रु. १,००,०००। (अक्षेरुपी एक लाख मात्र) जेष्ठ नागरिकहरुका लागि स्वर्गद्वारी तिर्थ यात्रा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

ध) भानु नगरपालिकाको अन्तर्गत सञ्चालित आँखा उपचार केन्द्र र अन्य वडाहरुमा मोतीया विन्दुको अपरेशन सहित आँखाको शिविर सञ्चालन गर्नुपर्ने भएकोले कार्यक्रम सञ्चालन शीर्षकबाट रु.२,००,०००। (अक्षेरुपी दुई लाख मात्र) खर्च गर्ने निर्णय गरियो ।



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

न) भानु नगरपालिकाको १३ वटै वडाहरुमा चौबिसै घण्टा सार्वजनिक यातायातको दूरी, यातायात पूर्वाधार उपलब्धता, सहजता एवं असहजताका आधारमा अटो/ट्याक्सी लगायतका साधनहरुको वाध्यत्मक प्रयोग समेतलाई मध्यनजर गरी कार्यालयबाट सञ्चालन गरि तालिम/अभिमूखिकरण/गोष्ठी/सेमिनार लगायतका कार्यक्रममा सहभागीहरुलाई आतेजातेका लागि यातायात खर्च वापत तपसिल बमोजिम यातायात भाडा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | प्रतिदिन यातायात भाडा रु. | कैफियत |
|---|---|---|---|
| १. | १ देखि ३ सम्म | ४००।- | |
| २. | ४ देखि ६ सम्म | ६००।- | |
| ३. | ७ देखि ९ सम्म | ७००।- | |
| ४. | १० देखि १३ सम्म | ८००।- | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८२।११।२८

आनन्द राज त्रिपाठी
प्रमुख